Co. Regd. No.: 111548/069/70

NRB License No.: "Gha"/94/075/076

Microfinance

समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड

Samata Gharelu Laghubitta Bittiya Sanstha Limited

नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त "घ" वर्गको संस्था (राष्ट्रियस्तर)

Boosting Agriculture.... Thinking Food Security & Poverty Reduction

च.नं. ४१४/०७९/८०

मिति : २०७९/११/१९

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड,
सिंहदरवार प्लाजा, काठमाडौं ।

**बिषय : वार्षिक साधारण सभा तथा शेयरधनी दर्ता किताव बन्द (Book Close) रहने जानकारी सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस वित्तीय संस्थाको मिति २०७९/११/१२ गते दिउँसो ३:३० बजे बसेको संचालक समितिको १३९ औ बैठकले कम्पनीको नवौं वार्षिक साधारण सभा मिति २०७९/१२/११ गते शनिवारको दिन बिहान ११:३० बजे हिमालयन दृश्य रिर्सोट, धुलिखेलमा गर्ने निर्णय भएको साथै साधारण सभा तथा बोनश शेयर र नगद लाभांस प्रयोजनको लागि मिति २०७९/१२/०१ गते बुधवारको दिन वित्तीय संस्थाको शेयर दर्ता किताव बन्द (Book Close) गर्ने निर्णय भएको व्यहोरा जानकारी गराउँदै नवौं वार्षिक साधारण सभा सम्बन्धी सार्वजनिक सूचनाको प्रतिलिपि यसै साथ संलग्न गरिएको व्यहोरा समेत अनुरोध छ ।

**संलग्न :**
वार्षिक साधारण सभा सम्बन्धी सार्वजनिक सूचनाको प्रतिलिपि ।

Samata Gharelu Laghubitta Bittiya Sanstha Limited Estd.2070 Banepa, Kavre

भवदीय,

विश्वराज श्रेष्ठ
कम्पनी सचिव

**बोधार्थ :**
श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग, बालुवाटार, काठमाडौं ।
श्री नेपाल राष्ट्र बैंक, लघुवित्त संस्था सुपरिवेक्षण विभाग, बालुवाटार, काठमाडौं ।
श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं ।
श्री सिडिएस एण्ड क्लियरिङ्ग लि., पुतलीसडक, काठमाडौं ।
श्री आरबिबि मर्चेन्ट बैकिङ्ग लि., टेकु, काठमाडौं ।

# समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड
# Samata Gharelu Laghubitta Bittiya Sanstha Limited

Microfinance

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त संस्था (राष्ट्रियस्तरको)

**Boosting Agriculture..... Thinking Food Security & Poverty Reduction**

**केन्द्रीय कार्यालयः** बनेपा-७, काभ्रेपलाञ्चोक, नेपाल, फोन नं.: ०११-५९७०००

इमेलः samata@samata.org.np, वेबसाइटः www.samata.org.np


## नवौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०७९/११/१९ गते

आदरणीय शेयरधनी महानुभावहरु,

मिति २०७९ फागुन १२ गते शुक्रवारको दिन बसेको सञ्चालक समितिको १३९ औ बैंठकको निर्णयानुसार यस वित्तीय संस्थाको नवौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सभा हुने मिति, समय र स्थान**

**मिति : २०७९/१२/११ गते शनिवार तदनुसार मार्च २५, २०२३**

**समय : बिहान ११:३० बजे,**

**स्थान : हिमालयन दृश्य रिर्सोट, धुलिखेल ।**

**छलफल तथा निर्णयका लागि निर्धारित बिषयसूची**

**क. सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यूद्धारा प्रस्तुत गर्नु हुने आर्थिक वर्ष २०७८/०७९ को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।

२. आर्थिक वर्ष २०७८/०७९ को लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण तथा सो सँग सम्वन्धीत अनुसूचीहरु पारित गर्ने ।

३. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ (२) तथा कम्पनी ऐन, २०६३ को दफा १११ (३) अनुसार लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०७९/०८० को बाह्य लेखापरीक्षण गर्नको लागि लेखापरीक्षकको नियुक्ति गरि निजको पारिश्रमिक निर्धारण गर्ने। (हालको वाह्य लेखापरीक्षक एल.एस.पि. एसोसियट्स, ललितपुरको नियमानुसार कार्यअवधि पुरा भएकोले नयाँ लेखापरीक्षक नियुक्ति स्वीकृति गर्ने)

४. आर्थिक बर्ष २०७९/०८० को वार्षिक कार्यक्रम, योजना तथा बजेट उपर छलफल तथा अनुमोदन गर्ने ।

५. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०७८/०७९ सम्मको वितरणयोग्य मुनाफाबाट २०७९ असार मसान्तमा कायम कुल चुक्ता पूँजी रु. ३४,२७,४४,१९२/- को ३ प्रतिशतले हुन आउने रकम १,०२,८२,३२५.७६ (अक्षरेपी एक करोड दुई लाख बयासी हजार तिन सय पच्चिस दशमलव सात छ रुपैया मात्र) नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

(साविक समता लघुवित्त वित्तीय संस्था लि. र साविक घरेलु लघुवित्त वित्तीय संस्था लि. बिच गाभ्ने/गाभिने (मर्जर) कार्य सम्पन्न भई मिति २०७८/०१/०२ गते देखि एकीकृत वित्तीय कारोवार शुरुवात गरिएको हुँदा एकीकृत कारोवार मिति देखि दुई वर्ष सम्म लाभांशमा कर छुट हुने व्यवस्थाको कारण हाल लाभांशकर प्रयोजनार्थ छुट्टै रकम नछुट्याइएको साथै उक्त मिति भन्दा पछि शेयर खरिद गर्ने शेयरधनीहरुले लाभांशकर नियमानुसार भुक्तानी गर्नुपर्ने)

**ख. विशेष प्रस्तावहरु :**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०७८/०७९ सम्मको वितरणयोग्य मुनाफाबाट २०७९ असार मसान्तसम्म कायम कुल चुक्ता पूँजी रु. ३४,२७,४४,१९२/- को १५ प्रतिशतले हुन आउने रकम रु. ५,१४,११,६२८.८० (अक्षरेपी पाँच करोड चौध लाख एघार हजार छ सय अठ्ठाईस दशमलव आठ शून्य रुपैया मात्र) बोनस शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने ।

२. समता घरेलु लघुवित्त वित्तीय संस्था लि. र स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. बिच एक आपसमा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धमा भएको DDA मूल्यांकनर्ताको नियुक्ति तथा निजको पारिश्रमिक अनुमोदन, शेयर आदान प्रदान दर प्रस्ताव पारित, प्रारम्भिक समभ्रुदारीपत्र तथा मर्जर सम्बन्धमा भएको निर्णयहरुको अनुमोदन, अन्तिम सम्झौतापत्र लगायत सो सम्बन्धी कार्यहरु गर्न गराउनको लागि संचालक समितिलाई अख्तियारी, तदर्थ संचालक समितिमा वित्तीय संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने संचालकहरुको मनोनयन प्रस्ताव अनुमोदन, गाभ्ने/गाभिने कार्य पश्चात् बन्ने वित्तीय संस्थाको नाम तथा संस्थापक र सर्वसाधारणको शेयर स्वामित्व परिवर्तन सम्बन्धी प्रस्ताव लगायत मर्जरसँग सम्बन्धीत आवश्यक अन्य सम्पूर्ण निर्णयहरु पारित गर्ने ।

३. वित्तीय संस्थाको प्रवन्धपत्रको दफा ४ र ५ मा वित्तीय संस्थाको उद्देश्य र उद्देश्य प्राप्त गर्न गरिने कार्यहरु थप गर्ने ।

४. संचालक समितिका अध्यक्ष तथा संचालकहरुले पाउने भत्ता तथा सुविधा सम्बन्धमा संस्थाको नियमावलीमा आवश्यक संशोधन सम्बन्धी प्रस्ताव पारित गर्ने ।

५. अन्य उपयुक्त लघुवित्त वित्तीय संस्थाहरुसँग गाभ्ने/गाभिने (मर्जर) वा प्राप्ति (एक्विजिशन) सम्वन्धी सम्झौतापत्र तर्जुमा गर्ने, DDA गर्ने र गाभ्ने/गाभिने वा प्राप्ति सम्वन्धी आवश्यक अन्य सम्पूर्ण प्रक्रिया पुरा गर्न/गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

६. वित्तीय संस्थाको प्रवन्धपत्र र नियमावलीमा आवश्यक संशोधन र सो संशोधन स्वीकृतिको क्रममा नियमनकारी निकायबाट कुनै फेरबदल, थपघट गर्न निर्देशन वा सूझाव भएमा सोहि बमोजिम गर्न संचालक समिति वा संचालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रदान गर्ने ।

**ग. विविध**

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

## साधारण सभा सम्बन्धी अन्य जानकारी :

१. सभामा भाग लिन प्रत्येक शेयरधनी महानुभावहरुले सभाको दिन सभा हुने स्थानमा उपस्थित भई त्यहाँ राखिएको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ। शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभा स्थलमा सभा हुने दिनको बिहान १०:३० बजे देखि सभा सञ्चालन रहे सम्म खुल्ला रहनेछ।

२. वार्षिक साधारण सभा, बोनस शेयर तथा नगद लाभांस प्रयोजनको शेयर लागि संस्थाको शेयर दाखिला खारेजको काम मिति २०७९/१२/०१ गते बन्द रहनेछ। नेपाल स्टक एक्सचेन्ज लि.मा मिति २०७९/१२/०१ गते भन्दा अघिल्लो दिनसम्म कारोवार भई संस्थाको शेयरधनी दर्ता किताव कायम शेयरधनीहरुले सो सभामा भाग लिन तथा बोनस शेयर नगद लाभांस पाउन योग्य हुनेछन् ।

३. शेयरधनी महानुभावहरुको सुविधालाई ध्यानमा राखि वार्षिक साधारण सभाको सूचना सहितको वार्षिक प्रतिवेदन कार्यालय समय भित्र यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय, बनेपा, काभ्रेपलाञ्चोकबाट वा वित्तीय संस्थाको वेबसाइट www.samata.org.np बाट प्राप्त गर्न सकिने व्यवस्था गरिएको छ। सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने प्रमाण (जस्तै नागरिकताको प्रमाणपत्र वा अन्य कुनै परिचय पत्र) सभा हुने दिन अनिवार्य रुपमा साथमा लिई आउनु हुन अनरोध छ।

४. साधारण सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले सम्बन्धीत समुह कै शेयरधनीको नाममा प्रतिनिधि पत्र (प्रोक्सी फाराम) भरि केन्द्रीय कार्यालय, बनेपा, काभ्रेपलाञ्चोकमा सभा शुरू हुनुभन्दा कम्तिमा ९६ घण्टा अगाडि दर्ता गराई सक्नु पर्नेछ। यसरी प्रतिनिधि नियुक्त गरिएको व्यक्ति वित्तीय संस्थाको सम्वन्धीत समुहको शेयरधनी हुनु आवश्यक छ। प्रतिनिधि (प्रोक्सी) नियुक्त गरि सक्नुभएका शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी कितावमा दस्तखत गर्नु भएमा यस अघि दिइएको प्रोक्सी स्वतः बदर हुनेछ।

५. प्रतिनिधि मुकरर गर्दा सम्पूर्ण शेयरको प्रतिनिधि एकै व्यक्तिलाई गर्नु पर्दछ। एकै शेयरधनीले एक भन्दा बढि प्रतिनिधि मुकरर गरेमा जुन प्रोक्सी वित्तीय संस्थाको रजिष्टर्ड कार्यालयमा पहिला प्राप्त भई दर्ता हुन्छ सो मात्र मान्य हुनेछ।

६. प्रतिनिधि मुकरर गर्दा आफ्नो सम्पूर्ण शेयरको प्रोक्सी नियुक्त नगरी केहि शेयर आफैले राखी सभामा स्वयं शेयरधनी उपस्थित भएमा उक्त मुकरर गरिएको प्रतिनिधि स्वतः बदर हुनेछ। प्रतिनिधि मुकरर गरिएको शेयरको प्रोक्सी नियुक्त बदर गरिपाऊँ भनि शेयरधनीले निवेदन पेश गरेको अवस्थामा उक्त शेयरधनी स्वयं उपस्थित नभएमा समेत उक्त मुकरर गरिएको प्रतिनिधि स्वतः बदर हुनेछ, पछिल्लो प्रतिनिधि कायम हुनेछ।

७. नाबालक शेयरधनीको तर्फबाट वित्तीय संस्थाको शेयर लगत कितावमा संरक्षकको रुपमा दर्ता भएको व्यक्तिले भाग लिन वा प्रतिनिधि तोक्न सक्नु हुनेछ।

८. शेयरधनीहरुले व्यक्त गरेको मन्तव्य वा प्रश्नहरुको सम्वन्धमा संचालक समितिको तर्फबाट सामुहिक रुपले अध्यक्ष वा अध्यक्षबाट अख्तियारी पाएका व्यक्तिले जवाफ दिन सक्नेछन् ।

९. छलफलको विषय अन्तर्गत विविध शीर्षक सम्वन्धमा शेयरवाला महानुभावहरुले छलफल गर्न चाहानु भएको विषय बारेमा साधारण सभा हुनु भन्दा कम्तिमा ७ दिन अघि वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय मार्फत वित्तीय संस्थाको अध्यक्षलाई लिखित रुपमा जानकारी दिनुपर्नेछ। तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।

१०. उक्त सभामा कुनै छलफलको विषय अन्तर्गत छलफल गर्नुपरेमा कुल शेयर पुँजीको ६७ प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने शेयरधनी महानुभावहरुले स्वीकृत दिएकोमा बाहेक सभाको सूचनामा उल्लेख नभएको विषय (एजेण्डा) उपर सभामा छलफल र निर्णय गरिने छैन ।

११. कम्पनी ऐन २०६३ को दफा ८४ अनुसारको संक्षिप्त वार्षिक आर्थिक विवरण, संचालक समितिको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवदेन शेयरधनीहरुले निरीक्षण वा प्राप्त गर्न चाहनु भएमा वित्तीय संस्थाको रजिष्टर्ड कार्यालयबाट उपलव्ध हुनेछ।

१२. साधारण सभा सम्बन्धी अन्य जानकारीको लागि वित्तीय संस्थाको केन्द्रीय कार्यालय, बनेपा, काभ्रेपलाञ्चोकको फोन नं. ०११-५९७००० सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ।